# गढीमाई मेलामा ल्याब भ्यानसहित खाद्यवस्तु अनुगमन

**हिमालय टाइम्स**
काठमाडौं, २३ मंसिर

बाराको गढीमाई मेलामा मोबाइल फुड ल्याब भ्यान प्रयोग गरी बजार अनुगमन गरिएको छ । खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको र्‍यापिड रेस्पोन्स टिमले मोबाइल खाद्य प्रयोगशाला भ्यान प्रयोग गरी गढीमाई मेला बारामा स्थलगतरूपमा खाद्य पदार्थ परीक्षणसमेत गरी खाद्य पदार्थको निरीक्षण अनुगमन गरेको हो । मेलामा उपस्थित उपभोक्ता तथा बिक्रेतासमेतलाई खाद्य स्वच्छताबारे जानकारी एवं सचेतना अभिवृद्धि गर्ने उद्देश्यले निरीक्षण अनुगमन गरिएको विभागका प्रवक्ता मोहनकृष्ण महर्जनले बताउनुभएको छ ।

महर्जनका अनुसार मेला महोत्सवहरूमा बिक्री हुने खाद्य पदार्थमा अत्यधिक रंग प्रयोग, उपभोग्य अवधि समाप्त भएका खाद्यवस्तुको बिक्री, खाद्यवस्तु तार्न एउटै तेल बारम्बार प्रयोग, लेखिएको मसी भएको कागजमा खाद्य पदार्थ प्याकिङ, अखाद्य रंग प्रयोग, खाद्यवस्तुको उचित तामक्रममा भण्डारण अभाव, खाद्यवस्तु तयार गर्दा सरसफाइको कमी जस्ता समस्या देखिने गरेको छ । जसबाट उपभोक्ता स्वास्थ्यमा असर पर्न सक्ने तथा खाद्य स्वच्छता कायम हुन नसक्ने हुँदा मेला महोत्सवहरूमा अनुगमन तथा उपभोक्ता सचेतना कार्य विभागले गर्दै आएको हो ।





सोही क्रममा गत असोज १७ गतेदेखि पुन: सञ्चालनमा रहेको मोबाइल फुड ल्याब भ्यान सञ्चालनका क्रममा पहिलोपटक सांस्कृतिक मेला महोत्सवको निरीक्षण अनुगमन सुरुवात गरिएको विभागले जनाएको छ । बाराको गढीमाईमा सञ्चालित मेलामा बिक्रीवितरणमा रहेको खाद्य पदार्थको स्थलगत परीक्षण तथा खाद्य स्वच्छतासम्बन्धी जनचेतना जगाउने उद्देश्यसहित मंसिर २१ र २२ गते मोबाइल फुड ल्याब भ्यानसहित खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट खटिई गएको टोली तथा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय पर्साको संयुक्त टोलीले मोबाइल फुड ल्याब भ्यान प्रयोग गरी निरीक्षण अनुगमन कार्य सम्पन्न गरेको छ । रातीको समयमा समेत बिक्रीस्थल अनुगमन गरिएको र उक्त अनुमगनका क्रममा दूध, खुवा, प्रशोधित पिउने पानी, कटन क्याण्डी, लड्डु, जेरी, चप, पानीपुरी तथा तेललगायत एक सय ३८ वटा नमुनाको स्थलगत प्रयोगशाला परीक्षण चेकजाँच गरिएको विभागले जनाएको छ । चेकजाँचमा कैफियत पाइएका तेल, रंगिन मिठाई र कटन क्याण्डी नष्ट गरी कारबाहीका साथै त्यस्ता प्रतिकूल अवस्थाका खाद्य पदार्थ बिक्री नगर्न सचेतसमेत गराइएको विभागले जनाएको छ । साथै उपभोक्ता सचेतनाका लागि विभिन्न प्रचार सामग्री वितरण तथा पोस्टर टाँस गरिएको थियो । गढीमाई मेला सञ्चालन अवधिभर खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय पर्साबाट नियमित अनुगमन हुने व्यवस्था मिलाइएको छ । मेलामा बिक्री हुने खाद्यवस्तुको गुणस्तरमा कुनै शंका लागेमा विभाग वा विभाग मातहतको डिभिजन कार्यालय पर्सामा गुनासो पठाउनसमेत विभागले आह्वानसमेत गरेको छ ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयको निरन्तरको ताकेतापछि विभागले विगत छ वर्षदेखि विभाग परिसरमा थन्किएर रहेको सुविधासम्पन्न मोबाइल ल्याब भ्यान गत असोज १६ गतेदेखि सञ्चालनमा ल्याएको थियो । कृषि तथा पशुपन्छीमन्त्री रामनाथ अधिकारीले दुईवटा भ्यानको उद्घाटन गरेसँगै विभागले दशैं बजार अनुगमनमा पनि मोबाइल भ्यान प्रयोग गरेको थियो । अनुगमनस्थलमै खाद्यको गुणस्तर परीक्षणले बजारमा केही हदसम्म सुधार हुने अपेक्षा गरिएको छ । विभाग र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले २०७५ सालमा करिब २८ करोडमा दुई/दुईवटा भ्यान खरिद गरेका थिए । तर, मोबाइल भ्यान प्रयोगशाला खरिदमा भ्रष्टाचार गरेको आरोपमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले २०७६ असार ५ मा विभागका तत्कालीन महानिर्देशक सञ्जीवकुमार कर्णसहित १३ जनामाथि विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेसँगै भ्यान सञ्चालनमा आउन सकेको थिएन ।

भ्यान खरिदमा १२ करोड ४० लाख ४७ हजार पाँच सय ५८ रुपैयाँ भ्रष्टाचार गरेको आरोप लागेको थियो । तर, विशेष अदालतले २०७९ वैशाख २५ मा महानिर्देशक सञ्जीवकुमार कर्णसहितको टोलीलाई सफाइ दिँदै मोबाइल भ्यान सञ्चालनमा ल्याउन आदेश दिएको थियो । अदालतको आदेशसँगै कर्ण पुन: विभागमै जिम्मेवारीमा फर्किनुभएको छ ।

# कर छली रोक्न संयुक्त अनुगमनको तयारी

**हिमालय टाइम्स**
काठमाडौं, २३ मंसिर




सरकारले राजस्व चुहावट तथा कर छलीसम्बन्धी विषयमा संयुक्तरूपमा अनुगमन गर्ने भएको छ । आइतबार आन्तरिक राजस्व विभागमा विभागसहित भन्सार विभाग र राजस्व अनुसन्धान विभागको संयुक्त बैठकले संयुक्तरूपमा अनुगमन गर्ने निर्णय गरेको हो । तीनवटै निकायले राजस्व चुहावटका जोखिम क्षेत्र, वस्तु, नाका र समूह पहिचान गर्ने, सूचना संकलन गर्ने, विश्लेषण गरी कार्यान्वयनका लागि एकआपसमा सूचना आदानप्रदान गर्ने विषयमा सहमति जनाएका छन् ।

विभागका अनुसार राजस्व अनुसन्धान विभागको भिसिटिएस प्रणाली, भन्सार विभागको आसिकुडा वर्ल्ड प्रणाली र आन्तरिक राजस्व विभागको एकीकृत सूचना प्रणालीमा प्रविष्ट भएका सूचनालाई एकआपसमा अन्तरआबद्धता कायम गरी कर परीक्षण तथा अनुसन्धान, भन्सार जाँचपासपछिको परीक्षण, बजार अनुगमन, गस्ती परिचालनमा एकअर्कालाई सहयोग गर्ने विषयमा पनि सहमति भएको छ ।

त्यस्तै राजस्व चुहावट तथा कर छलीको सूचना दिन सरोकारवाला तथा सर्वसाधारणसँग आह्वान गर्ने, बजार अनुगमन तथा गस्ती परिचालनमा जोड दिने, तीनवटै विभागबाट सूचनाका आधारमा प्रदर्शनीय प्रभाव पर्ने गरी संयुक्त गस्ती परिचालन गर्ने सहमति भएको छ । कर छली गर्ने करदातालाई कारबाहीको दायरामा ल्याउने, शंकास्पद कारोबार र अनधिकृत गोदामलाई विशेष निगरानीमा राख्ने, कर छली गर्ने मनसायले व्यक्तिगत खाताबाट व्यावसायिक कारोबार गर्ने प्रवृत्ति रोक्न अन्तरनिकाय सूचना आदानप्रदान गर्ने, राजस्व चुहावटका नयाँ प्रवृत्तिहरू पहिचान गर्ने, अनलाइन तथा सामाजिक सञ्जालमार्फत् हुने व्यापारमा हुन सक्ने कर छली तथा व्यक्तिगत आयकर छलीलाई निरुत्साहित गर्नेलगायतका विषयमा पनि सहमति भएको छ ।

नक्कली तथा झुटो कारोबार नियन्त्रण गर्नेतर्फ सामान्य तथा आर्थिकरूपमा कमजोर मानिसलाई प्रलोभनमा पारी निजको नाममा व्यवसाय दर्ता गरी कारोबार गर्ने र कर छली गरी आफू कानुनको नजरमा उम्किने प्रवृत्तिलाई विशेष अनुसन्धान र छानबिन गरी कारबाही गर्ने, फर्म तथा कम्पनीको फेक दर्ता रोक्न निजको बायोमेट्रिक अवस्था, वित्तीय व्यवस्था, व्यावसायिक योजनालगायतलाई विशेष निगरानी गर्ने, बजारमा उत्पादन, पैठारी तथा खरिद गरेको आधिकारिक वा प्रामाणिक स्रोतबिना कारोबार गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने, खुला सिमानाबाट हुने चोरी पैठारी नियन्त्रण गर्न तथा कर छली निरुत्साहित गर्न स्थानीय राजस्व चुहावट नियन्त्रण समन्वय समितिलाई थप सक्रिय र प्रभावकारी बनाउनेलगायतका विषयमा पनि तीनवटै निकायबीच सहमति भएको छ ।

# साना तथा मझौला होटल प्रवर्द्धनमा इसेवा

**काठमाडौं ।** भुक्तानी सेवा प्रदायक कम्पनी इसेवाले भुक्तानी क्षेत्रमा नयाँ आयाम ल्याएको छ । विगत केही वर्षयता भुक्तानी क्षेत्रमा मात्र नभएर अन्य विभिन्न क्षेत्रमा पनि योगदान पुर्‍याउँदै आएको इसेवाले सेवा विस्तारका क्रममा हाल नेपालका ७७ जिल्लाका सात सय ५३ वटै स्थानीय निकायहरूमा आफ्नो एजेन्ट नेटवर्क पुर्‍याउन सफल रहेको छ ।

कम्पनीका अनुसार प्रत्येक नेपालीको हात-हातमा पुगिसकेको इसेवा एउटा व्यक्तिलाई दैनिक जीवनमा आवश्यक पर्ने सबै प्रकारका सेवाको भुक्तानी गर्ने माध्यम बन्नुका साथै इसेवा यात्रा तथा पर्यटकीय क्षेत्रमा पनि दिनप्रतिदिन अझै परिचित नाम बन्दै गइरहेको छ । बस, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकटदेखि केबलकारसम्मका टिकट खरिद गर्न सकिने इसेवाले यात्रुको सहजतासँगै पर्यटकीय विकासमा भूमिका निर्वाह गर्दै आएको छ । प्रयोगकर्ताको आवश्यकताअनुसारका सेवा सुविधा विस्तार गरेर जीवन सहज बनाउने क्रममा इसेवा थुप्रै नवीनतम सेवा प्रदान गर्न सधैं तत्पर रहेको कम्पनीले जनाएको छ । इसेवा होटल्स एउटा यस्तो डिजिटल सेवा हो, जसको माध्यमबाट प्रयोगकर्ताले सजिलै होटल बुक गर्न सक्नेछन् । नेपालका ५४ भन्दा जिल्लाका प्रमुख शहरमा अवस्थित साना, मझौला तथा ठूला होटल एकै ठाउँबाट सजिलै बुक गर्न सकिने इसेवा होटल्स हालको समयमा होटल बुकिङका लागि लोकप्रिय बन्दै गएको छ ।

शहरी क्षेत्रमा रहेका तारे होटलदेखि ग्रामीण भेगमा अवस्थित होम स्टेसम्म बुक गर्न सकिने इसेवा होटल्समा करिब ३५ सयभन्दा बढी होटल रहेका छन्, जुन प्रयोगकर्ताले इसेवा एप वा इसेवा होटल्सको वेबसाइटबाट बिनाझन्झट बुक गर्न सक्छन् । ग्रामीण क्षेत्रमा अवस्थित होमस्टेहरूलाई पनि समावेशीकरण गर्न तथा आर्थिकरूपमा सशक्त बनाउन इसेवा होटल्सले युएसआइडी ट्रेड एण्ड कम्पेटेटिभनेससँग सहकार्य गर्दै आएको छ । सहकार्यले साना तथा मझौला होटल वा होमस्टेलाई प्राविधिक सहयोगका साथै व्यवसाय सञ्चालनमा पनि थप उत्साह प्रदान गरेको छ । युएसआइडी ट्रेड एण्ड कम्पेटेटिभनेसको सहयोगमा इसेवा होटल्सले ग्रामीण भेगमा रहेका होटल तथा होमस्टेमार्फत् दिगो पर्यटन विकासका साथै समग्रमा पर्यटन व्यवसायलाई नै बढावा दिँदै आएको छ ।

**थाहा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**
**ईन्द्रायणी चौर, मकवानपुर**
**बागमती प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०८१/०८/२४**

यस नगर कार्यपालिकाको कार्यालयको मिति २०८१/०७/१४ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित ढुंगा, गिट्टी, वालुवा निकासी कर ठेक्काको बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार यस ईबिड मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र सारभूतरुपमा प्रभावग्राहि भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३को दफा २७ को उपदफा २(१) को प्रयोजनको लागि सम्बन्धित सबैको लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ । साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ ।

**तपसिल**

| ठेक्का नं. | कार्य विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कवोल अंक ( भ्याट समेत) |
|---|---|---|---|
| Rev/THAHA/01/ NCB/2081/082 | Internal Revenue of Earthwork,Collection and salse of (Stone, send and aggregate) of Thaha ward 7 and 8 | Biswasnirman Thaha-3 gopaligaun, Makwanpur | रु. 20340000/- (दुईकरोड तिन लाख चालिस हजार) मात्र |

**प्रमुख प्रशासकीय अधिकृत**

**वी.पी. कोइराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान, धरानको**

**आधिकारिक बिक्रेता यकिन सम्बन्धि सुचना**

**सुचना प्रकाशित मितिः २०८१/०८/२४**

यस प्रतिष्ठानमा प्रयोगमा रहेका तपशिलमा उल्लेखित उत्पादक कम्पनीका मेशिन, उपकरणहरुमा प्रयोग हुने Reagents, Consumables Accessories & Spare Parts तथा अन्य आवश्यक सामाग्रीहरु नियमित रुपमा आपूर्ति लिईरहनु पर्ने भएकोले उक्त मेशिन, उपकरणको नेपालमा तपशिलमा उल्लेखित आधिकारिक बिक्रेताहरु बाहेक अन्य कोही भए यो सुचना प्रकाशित मितिले ७ दिन भित्र आधिकारिकताको प्रमाणपत्र सहित प्रतिष्ठानको दर्ता चलानी फांटमा दर्ता गर्नुहुन वा procurement@bpkihs.edu मा Email मार्फत पेश गर्नुहुन सम्बन्धित सबैमा सुचित गरिन्छ ।

| SN. | Equipment | Manufacture Company | Authorized Suppliers |
|---|---|---|---|
| 1 | Mammography Machine | IMS GIOTTO S.p.A | Maxim Incorporation Traders Pvt. Ltd., Kathmandu |
| 2 | Thermal Printer MDST-24 | Nanyang Clear Science and Technology Co. Ltd. | |
| 3 | IStat Portable Blood Auto Analyzer Machine | Abbott | Om Surgical Concern Pvt. Ltd., Kathmandu |
| 4 | Bedside Monitor, ECG, Defibrillator, EEG, EMG, Pulse Oxymeter | Nihon Kohden | M. Care Technology Pvt. Ltd., Kathmandu |

**Nechasalyan Rural Municipality**
**Office of Rural Municipal Executive**
Nechasalyan-03, Nechabetghari, Solukhumbu
Koshi Province, Nepal

**Invitation for E-Bids**

Invitation for Bids No: NSRM-SOL-W-KBSKS-03/2081-82
Date of publication: 2081/08/24

1. **Nechasalyan Rural Municipality Office** invites electronic bids from Nepalese eligible bidders for the **KHAHARE BETGHARI SADAK KHANDA STARONNATI**,under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. ***1,34,40,000.00*** inclusive VAT and PS].
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Nechasalyan Rural Municipality Office, Nechasalyan-03, Nechabetghari, Solukhumbu, nechasalyan345@gmail.com , 9808025012,** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of Office: Nechasalyan Rural Municipality Office Nechasalyan-03, Nechabetghari, Solukhumbu**
   **Office Code No. :……………..**
   **Office Account no.: 2520100301010002 ( For Bid Document Purchase )**
   **Rajaswa (revenue) Shirshak No. : 14229**
   **Information to deposit the bid security Amount Dharauti Khata: 2520100303000002 Rastriya Banijya Bank, Necha Bihibare, Solukhumbu.**
4. Pre-bid meeting shall be held at Nechasalyan Rural Municipality Office Nechasalyan-03, Nechabetghari, Solukhumbu at **16:00 and 2081/09/12**.
5. Electronic bids must be submitted to the office Nechasalyan Rural Municipality Office
6. Nechasalyan-03, Nechabetghari, Solukhumbu through PPMO website www.bolpatra.gov.np/egpon or before **12:00 on 2081/09/24**. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00** and **2081/09/23** at the office of ***Nechasalyan Rural Municipality Office Nechasalyan-03, Nechabetghari, Solukhumbu***. Bids must be valid for a period of [90 days] after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of Rs.***3,50,000.00 )*** which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 120 Days)
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

| Invitation for Bids | Description of Works | Minimum Bid Security Amount | Estimated Amount with vat and ps | Bid Document Price |
|---|---|---|---|---|
| NSRM-SOL-W-KBSKS-03/2081-82 | PROCUREMENT OF KHAHARE BETGHARI SADAK KHANDA STARONNATI NECHASALYAN R .M | NRs.3,50,000.00/- (In words: Three Lakh FiftyThousands only). | NRs. 1,34,40,000.00 (In words: One Crore Thirty four Lakh forty-thousand only.). | NRs. 3,000/- (In words: Three Thousands only.) |

**NECHASALYAN RURAL MUNICIPALITY**
**CHIEF ADMINISTRATIVE OFFICER**

**कर्णाली प्रदेश सरकार**
**भौतिक पुर्वाधार तथा शहरी विकास मन्त्रालय**
**पुर्वाधार विकास निर्देशनालय**
**पुर्वाधार विकास कार्यालय**
**खलंगा, जाजरकोट**

**स्पष्टिकरण पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सुचना**

**प्रथम पटक प्रकाशित मिति : २०८१/०८/२४**

यस कार्यालय अन्तर्गतका देहाय बमोजिमका ठेक्का र ठेक्का शिर्षकसंग सम्बन्धीत निर्माण कम्पनीहरुले सम्झौता अनुसारको निर्माण कार्य सम्पन्न नगरी सम्पर्क विहिन रहेको र लामो समय देखि निर्माण स्थलमा कुनै पनि निर्माणका कार्य गरीरहेको नपाईएको सन्दर्भमा कार्यालयद्वारा विभिन्न मितिमा तोकिएको सम्झौता अवधिभित्र कार्य सम्पन्न गर्न पटक-पटक मौखिक तथा लिखित रुपमा जानकारी गराउदा समेत कार्य सम्पन्न गर्न अटेरी गरेको र विभिन्न मितिमा भौतिक पुर्वाधार तथा शहरी विकास मन्त्रालयमा निर्माण कार्य सम्पन्न गर्ने विषयमा छलफल गर्न कम्पनीको मुख्य ब्यक्तिलाई बोलाइएकोमा उक्त बैठकहरुमा समेत सहभागी नभई अटेरी गरेको विषयमा यस कार्यालयको गम्भिर ध्यानाकर्षण भएको छ।सम्झौता अनुसारको कार्य सम्पन्न नगरेको,निर्माण कार्य अलपत्र पारी चरम लापरवाही गरेको र आफैले पेश गरेको कार्य तालिका अनुसारको प्रगति नगरेको हुँदा यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र ठेक्का सम्झौताका शर्तहरु र प्रचलित कानून बमोजिम ठेक्का सम्झौता अन्त्य गरी कार्वाही प्रक्रिया अगाडि बढाउनु नपर्ने कुनै उचित कारण भएमा प्रमाण सहित स्पष्टिकरण पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। समयमा स्पष्टिकरण पेश नगरेमा वा स्पष्टिकरणमा ठेक्का अन्त्य नगर्नुपर्ने भनी पेश भएको प्रमाण वा कारण उचित नपाइएमा ठेक्का सम्झौताका शर्तहरु र प्रचलित कानून बमोजिम सम्बन्धीत निर्माण कम्पनीहरुसंग भएको ठेक्का सम्झौता अन्त्य गरी कारवाही प्रक्रिया अगाडि बढाईने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ।

**तपशित:**

| सि. नं. | ठेक्का नं. | ठेक्का शिर्षक | सम्झौता मिति | निर्माण कम्पनीको नाम र ठेगाना |
|---|---|---|---|---|
| १ | IDO/JKT/W/ NCB/14/077-078 | बारेकोट ८ सागुतरा र नलगाड ५ सिर्के जोड्ने मोटरेबल पुल निर्माण | २०७८/०४/२९ | नेपाल मेगा-सिस्ने जे.भि नेपालगंज-०२ बाँके |
| २ | IDO/JKT/W/ NCB/15/077-078 | साल्म खोला मोटरेबल पुल निर्माण ,छेडागाड | २०७८/०४/२९ | नेपाल मेगा-सिस्ने जे.भि नेपालगंज-०२ बाँके |
| ३ | IDO/JKT/W/ NCB/16/077-078 | कालिमाटी-खाल्चौर-नेटिलेक सडक खण्डको सक्ला खारी बयाले लिम्सा सडक जाजरकोट | २०७८/०६/१८ | अमर-सिस्ने जेभी, नेपालगञ्ज-२, बाँके |

इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित, **मुद्रण** : नेपाल न्यूज नेटवर्क इन्टरनेशनल प्रा.लि., दुवाकोट, भक्तपुर, **कार्यालय** : मध्यवानेश्वर, काठमाडौं, **फोन** : ४५६६३९३, **फ्याक्स** : ४४८०५५४, पो.ब.नं. ११६७२, Email: hitadaily@gmail.com, **कार्यकारी निर्देशक** : उज्ज्वल शर्मा, **सम्पादक** : पुरुषोत्तम दाहाल